# मालिका गाउँपालिका

# गाउँ कार्यपालिका कार्यालय

अर्खावाङ्ग,गुल्मी

५ नं प्रदेश नेपाल

## सिलबन्दी वोलपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मिति :-२०७५/८/०३**

मालिका गाउँपालिका गुल्मीको आ.व. ०७५/७६ को २०७६ जेष्ठ मसान्तसम्मको लागि तपसिल वमोजिमका स्थानहरूमा ढुङ्गा, गिट्टी बालुवा निकासी कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति,फर्म,संस्था वा कम्पनीहरुले तपसिल वमोजिमका शर्तको अधीनमा रही सिलवन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**शर्तहरु:**

१ वोलपत्र फाराम तपसिल बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) छुट्टाछुट्टै तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२ सिलवन्दी वोलपत्र १६ औं दिनको दिउँसो १२:०० बजेसम्म पेश गरिसक्नु पर्ने र सोही दिनको दिउँसो १:०० बजे मालिका गाउँ कार्यपालिकाको कार्यालय अर्खावाङ्ग गुल्मीमा वोलपत्र खोलिने छ ।

३ वोलपत्रसाथ आफूले कवोल गरेको अङ्कको ५% धरौटी मालिका गाउँपालिकाको रा.वा.बैंक तम्घास गुल्मीमा रहेको धरौटी खाता नं.३०१०३०३००७१११ जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।

४ साथै बैंक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ ।

५ रकम तीन किस्ता गरी बुझाउनु पर्नेछ । पहिले नै एकमुष्ट बुझाउन चाहेमा आफैले कबोल गरेको अङ्कको १०% रकम कमगरी बुझाउन सकिनेछ ।

६ कबोल गरेको अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

७ वोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता पूर्व प्रथम किस्ता बापत २५% रकम दाखिला गर्नुपर्नेछ । अन्य किस्ताको धितो वापत वैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) बनाई पेश गर्नु पर्नेछ । परफरमेन्स वण्डको म्याद २०७६ श्रावण मसान्तसम्मको हुनु पर्नेछ ।

८ रित नपुगी वा म्याद नाघी आएको वोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९ नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकदार स्वयम्ले व्यहोर्नु पर्नेछ ।

१० वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११ उल्लेखित अलग-अलग ठेक्काहरूको लागि दररेटको विस्तृत विवरण सम्बन्धित निर्माण व्यवसायीले यस कार्यालयमा सम्पर्क राखेको समयमा लेखा शाखाबाट उपलब्ध गराइनेछ ।

१२ ठेक्काका अन्य शर्तहरू सम्झौताका वखत निर्धारण हुनेछ ।

१३ अन्य कुराहरू वुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

१४ यस सूचनामा उल्लेखित बोलपत्र तथा दरभाउपत्र यस कार्यालयबाट खरिद तथा दर्ता गर्न सकिने छ ।

१५ यस सूचनामा नपरेका अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

१६ इच्छुक बोलपत्रदाताले बोलपत्र पेश गर्दा सबै sector(क्षेत्रको) वा कुनै एक sector(क्षेत्रको) लागी छुट्टाछुट्टै कबोल गर्न सक्नेछन ।

१७ बोलपत्रदाताले पेश गर्नुपर्ने कागजातहरुः-

- फर्म दर्ता प्रमाणपत्र
- आ.व. २०७४/०७५ कर चुक्ता प्रमाणपत्र
- फर्म नविकरण प्रमाणपत्र
- व्यक्तिको सम्बन्धमा नेपाली नागरिकताको प्रमाणपत्र

## तपसिलः-

| क. सं. | (secter)क्षेत्र | न्युनतम अंक रु | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|
| १ | ढुंगा गिट्टी बालुवा निकासी मालिका गा पा वडा नं ६ र ८ स्थीत छल्दी खोला बगर क्षेत्र | १०००००० | १००० |
| २ | ढुंगा गिट्टी बालुवा निकासी मालिका गा पा वडा नं १,४ र ५ स्थीत निस्ती खोला बगर क्षेत्र | ४००००० | १००० |
| ३ | ढुंगा गिट्टी बालुवा निकासी मालिका गा पा वडा नं १ स्थीत बडिगाड खोला बगर क्षेत्र | ६००००० | १००० |

**लेखनाथ पोखरेल**

**प्रमुख प्रशासकीय अधिकृत**